# अरुण गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ७ | संख्याः १ | मितिः २०८१/१/१२

भाग-२

अरुण गाउँपालिका

## अरुण गाउँपालिका, भोजपुरको
## भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यविधि, २०८१

(गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०१।११)

आज्ञाले

मणिराम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत

# अरुण गाउँपालिका, भोजपुरको
# भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०१/११**

**प्रस्तावना**

अरुण गाउँपालिका भोजपुर अन्तर्गतको जग्गालाई भूउपयोग क्षेत्रमा वर्गीकरण गरी कार्यान्वयन गर्ने चरणमा विविध त्रुटी फेला परी कार्यान्वयन गर्न परेको कठिनाइको निराकरण गर्ने प्रयोजनका लागि भूउपयोग ऐन, २०७६ को दफा (५) को उपदफा (४) बमोजिम भूउपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न वान्छनीय भएकोले यो कार्यविधि स्वीकृत गरिएको गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक
### संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः

(क) गाउँपालिका अथवा स्थानीय तह भन्नाले अरुण गाउँपालिका भोजपुर सम्झनु पर्दछ।

(ख) सम्बन्धित वडा कार्यालय भन्नाले अरुण गाउँपालिका अन्तर्गत तोकिएको कार्यक्षेत्र भित्र कामकाज गर्ने वडा कार्यालय सम्झनु पर्दछ ।

## परिच्छेद २
## कार्यान्वयन तथा व्यवस्थापन

(१) यस कार्यविधि बमोजिम भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यको कार्यान्वयन तथा व्यवस्थापन सम्बन्धित वडा कार्यालय मार्फत हुनेछ ।

(२) भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु यस कार्यविधिको अनुसूची १, २ र ३ मा उल्लिखित बमोजिम हुनेछ तर सो प्रचलित कानुन सँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) यस कार्यविधि बमोजिम भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्य कार्यान्वयन गर्न द्विविधा भएमा सम्बन्धित वडा कार्यालयले सो सम्बन्धमा यथार्थ बुझेर किटानी सिफारिस गाउँपालिका अन्तर्गत भूउपयोग परिषदमा पठाउनु पर्नेछ तथा भूउपयोग परिषदको निर्णयानुसार सम्बन्धित वडा कार्यालयबाट कार्यान्वयन गर्नु पर्नेछ ।

(४) यस अघि भए गरेका भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कामकाज यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(५) आवश्यकता बमोजिम गाउँ कार्यपालिकाले यस कार्यविधिलाई खारेजी वा संशोधन गर्न सक्नेछ।

## अनुसूची १
## परिच्छेद २ (२) सँग सम्बन्धित
## भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु

१. हाल उपयोगमा रहेको जग्गालाई यस मापदण्डमा उल्लेख भएको बाहेक नापी विभागबाट हस्तान्तरण भएको वर्गीकृत भूउपयोग क्षेत्र बमोजिम नै वर्गीकरण गर्ने ।

२. जोखिम लगायत अन्य संवेदनशील क्षेत्रको जग्गालाई नापी विभागबाट हस्तान्तरण भएको वर्गीकृत भूउपयोग क्षेत्र बमोजिम नै वर्गीकरण गर्ने ।

३. कृषि, वन र नदि, खोला, ताल र सिमसार क्षेत्र वर्गीकरण गर्नका लागि यसअघि नापी विभागबाट प्राप्त विवरणलाई आधार मानेर आवश्यक परिमार्जन गर्ने । अन्य सम्पूर्ण क्षेत्र वर्गीकरण गर्न स्थानीय आवश्यकतालाई प्रारम्भिक आधार मानेर नापी विभागबाट प्राप्त विवरण परिमार्जन गर्ने।

४. सरकारी, सार्वजनिक तथा सामुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा (सेवा प्रदान गर्ने सरकारी कार्यालयहरु समेत) लाई सार्वजनिक उपयोग क्षेत्रमा वर्गीकरण गर्ने ।

५. हाल उपयोगमा रहेका नदीनाला, ताल, तलैया, पोखरी (व्यक्तिको निजी पोखरी बाहेक) लगायत पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदि, खोला, ताल तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्ने ।

६. स्थानीय तहबाट स्वीकृति प्राप्त गरी खानी तथा खनिजजन्य पदार्थहरु जस्तैः ढुंगा, गिट्टी, बालुवा उत्खनन गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा वर्गीकरण गर्ने ।

७. हाल कायम सबै किसिमका वन पैदावार क्षेत्र (निजी जग्गामा भएको बाहेक) लाई वन क्षेत्रमा वर्गीकरण गर्ने ।

८. हाल उपयोगमा रहेका मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको खाली जग्गा, परापूर्व कालदेखिका ऐतिहासिक धरोहर, सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रहरुलाइ सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने ।

९. सम्बन्धित वडाको सिमानाभित्र रहेका जग्गाको भूउपयोग क्षेत्र अनुसूची १ र अनुसूची १ मा उल्लेख नभएको हकमा अनुसूची २ बमोजिम वर्गीकरण गर्ने ।

१०. सडकले छोएको आधारमा मात्र सार्वजनिक उपयोगको क्षेत्रमा वर्गीकरण नगर्ने ।

११. कुनै कित्ता दुई वा दुईभन्दा बढी भूउपयोग क्षेत्रमा परेको खण्डमा जुन क्षेत्रले जग्गाको धेरै हिस्सा ओगटेको छ, सोहि क्षेत्रमा वर्गीकरण गर्ने ।

१२. कुनै कित्ता दुई वा दुईभन्दा बढी क्षेत्रमा परेको र बराबर क्षेत्रफ़ल भएको खण्डमा स्थानीय आवश्यकता र माग बमोजिम वर्गीकरण गर्ने ।

१३. भूउपयोग वर्गीकरणको कार्य कार्यन्वयनमा गर्दा वर्गीकरण सम्बन्धी आधारहरु थप गर्न आवश्यक देखिएमा स्थानीय भूउपयोग परिषद्ले यस "भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरुलाई तुरुन्तै संशोधन गर्न सक्नेछ ।

## अनुसूची २
## परिच्छेद २ (२) सँग सम्बन्धित
## भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु

### वार्ड नं. १

१. पूर्व वडा कार्यालयबाट उत्तरतर्फ याङपाङ हस्पिटलबाट माथि जाने बाटो पश्चिमतिर ५०० मिटर दायाँबायाँ ३० मिटर आवासीय ।

२. पूर्व वडा कार्यालयबाट पश्चिमतर्फ देउराली जोड्ने बाटोतर्फ चौकबाट ५०० मिटर अगाडिसम्म सडकको दक्षिणतर्फ दायाँबायाँ ३० मिटर आवासीय ।

३. महङ्काली स्कुलदेखि दक्षिणतर्फ १८० मिटर अगाडिसम्म बाटोको दायाँबायाँ ५० मिटर आवासीय ।

४. देउराली चौकदेखि प्याउली जाने सडकको ३५० मिटर अगाडीसम्म बाटोको पुर्वतर्फ ८० मिटर र पश्चिम तर्फ ५० मिटर दायाँबायाँ आवासीय ।

५. देउराली चोकदेखि बोक्ताम जाने सडकतिर २०० मिटर अगाडिसम्म सडकको दायाँबायाँ ५० मिटर आवासीय ।

६. रातमाटे जनसहयोगी स्कुलदेखि उत्तरतर्फ ५०० मिटर र दक्षिणतर्फ १६० मिटरसम्म बाटोको दायाँबायाँ ८० मिटर आवासीय ।

७. खानिटार गाउँमा मोडको चौकदेखि उत्तर तर्फको सडकमा ५५० मिटर अगाडि दक्षिणतर्फ १३० मिटर र पुर्व-दक्षिणतर्फ २३० मिटरसम्म सडकको दायाँबायाँ ३० मिटर आवासीय ।

### वडा नं. २

१. हिलेभन्ज्याङदेखि चम्पे जाने सडकको १५० मिटरसम्म सडकको दायाँबायाँ ४० मिटर आवास क्षेत्र ।

२. कृष्ण मन्दिरदेखि चम्पे हुँदै प्याउली जाने सडकको २२० मिटर दक्षिणसम्म ३० मिटर दायाँबायाँ आवास क्षेत्र ।

३. सिम्ले खोलादेखि चन्डेश्वरी स्कुल जाने बाटोमा चौकदेखि १५० मिटर दक्षिण पुर्वतर्फ बाटोको दायाँबायाँ ४० मिटर आवास क्षेत्र ।

४. कुनाखर्क चोकदेखि चम्पे जाने बाटो पश्चिमतर्फ २३० मिटरसम्म बाटोको ५० मिटर उत्तर-पश्चिमतर्फ आवास क्षेत्र ।

५. चम्पे माध्यमिक विद्यालयबाट हिलेभञ्याङ जाने बाटोमा ८७० मिटरसम्म बाटोको पश्चिमतर्फ ३० मिटर दायाँबायाँ आवास क्षेत्र ।

६. चम्पे माध्यमिक विद्यालयदेखि धनसार जाने बाटो ४५० मिटरसम्म बाटोको ३० मिटर दायाँबायाँ आवास क्षेत्र ।

७. चम्पे माध्यमिक विद्यालयबाट कुनाखर्क जानेबाटोको पुर्वतर्फ २५० मिटरसम्म बाटोबाट ८० दायाँबायाँ मिटर आवास क्षेत्र ।

८. चम्पे माध्यमिक विद्यालयबाट धनसार जाने बाटो चौकदेखि २२० मिटर उत्तरतर्फ बाटोको दायाँबायाँ ३० मिटर व्यापरिक क्षेत्र ।

९. चम्पेबाट खेलमैदान हुँदै सिउँडीबारी जाने बाटोको दायाँबायाँ ४० मिटर आवास क्षेत्र।

१०. सिद्धकाली आधारभूत विद्यालयदेखि देउराली जोड्ने बाटोमा ५५० मिटरसम्म बाटोको ५० मिटर दायाँबायाँ आवास क्षेत्र ।

११. सिद्धकाली आधारभूत विद्यालयदेखि बोक्तामसम्म उत्तरतर्फ कटहरे जाने बाटो ८०० मिटरसम्म बाटोको ५० मिटर दायाँबायाँ आवास क्षेत्र ।

१२. हिमशिखर आधारभूत विद्यालयदेखि कटहरे बेंसी जाने बाटोको ३०० मिटर पश्चिमतर्फ बाटोबाट दायाँबायाँ ५० मिटर आवास क्षेत्र ।

१३. रुप्से पोखरीदेखि पूर्व उत्तरतर्फको बस्तीमा बाटोभन्दा पश्चिमतर्फ ५० मिटर आवास क्षेत्र।

१४. नौलेटोल बाटोको दायाँबायाँ ५० मिटर आवास क्षेत्र

१५. सिस्नेरी धनसार चोक ४०० मिटर दक्षिणतर्फ बाटोको दायाँबायाँ ५० मिटर आवास क्षेत्र ।

१६. सूर्योदय आधारभूत विद्यालयबाट १५० मिटरसम्म बाटोको ३० मिटर दायाँबायाँ आवास क्षेत्र।

**वडा नं. ३**

१. पञ्चकन्या आधारभूत विद्यालय (माचुङ) देखि ३०० मिटर उत्तरसम्म बाटोको २० मिटर दायाँबायाँ आवास क्षेत्र ।

२. विजयवास आधारभूत विद्यालयदेखि लेगुवा भोजपुर सडकको लेगुवा बाटोतर्फ १३० मिटर र भोजपुरतर्फ १३० मिटर सडकको दायाँबायाँ ७० मिटर आवास क्षेत्र ।

३. विजयवास आधारभूत विद्यालयदेखि लेगुवा भोजपुर सडकको लेगुवा बाटोतर्फ १३० मिटर र भोजपुरतर्फ १३० मिटर सडकको दायाँबायाँ २० मिटर ब्यापारिक क्षेत्र ।

४. प्याउली बजारको चम्पेजाने बाटोको मोडदेखि ११०० मिटर लेगुवातर्फ सडकबाट ७० मिटर दायाँबायाँ आवास क्षेत्र ।

५. प्याउली बजारको चम्पेजाने बाटोको मोडदेखि ४०० मिटर लेगुवातर्फ सडकको पश्चिमतर्फ ७० मिटर ब्यापारिक क्षेत्र ।

६. शारदा माध्यमिक विद्यालयदेखि याकु जाने बाटोमा २२० मिटर सडकको पश्चिमतर्फ ७० मिटर आवास क्षेत्र ।

७. सब स्टेसनदेखि लेगुवा जाने सडकको १५० मिटर दायाँबायाँ ५० मिटरसम्म आवास क्षेत्र ।

**वडा नं. ४**

१. अरुणोदय माध्यमिक विद्यालयदेखि पूर्वतर्फ मोडदेखि दक्षिणतर्फ १८० मिटरसम्म दायाँबायाँ ५० मिटरसम्म व्यापारिक क्षेत्र।

२. अरुणोदय माध्यमिक विद्यालयलाई मध्य बिन्दु मानि १०० मिटरको वरिपरी आवास क्षेत्र ।

३. देउराली-धपेनीदेखि पिपलडाँडा हुँदै हात्तीबार डाँडासम्म सडकको दायाँबायाँ ४० मिटर आवास क्षेत्र ।

**वडा नं. ५**

१. याकु स्कुलदेखि सितलादेवी मन्दिर आउने बाटोमा चोकबाट १५० मिटर अगाडिसम्म बाटोको दायाँबायाँ ३० मिटर क्षेत्र व्यापारिक क्षेत्र ।

२. याकु स्कूलबाट पञ्चकन्या आधारभूत विद्यालय जोड्ने बाटोको चोकबाट २३० मिटर अगाडिसम्म बाटोको दायाँबायाँ ३० मिटर व्यापारिक क्षेत्र ।

३. याकु स्कुलदेखि सितलादेवी मन्दिर जोड्ने बाटोमा चोकबाट ५०० मिटर अगाडिसम्म वाटोको ९० मिटर दायाँबायाँ आवास क्षेत्र ।

४. याकु स्कुलदेखि पञ्चकन्या आधारभूत विद्यालय जोड्ने बाटोको चोकबाट ६५० मिटरसम्म बाटोको ६० मिटर दायाँबायाँ आवास क्षेत्र ।

५. विश्वप्रेमी माध्यमिक विद्यालयबाट प्रस्तावित प्रहरी चौकी कार्यालयसम्म बाटोको माथिपट्टीको (पुर्ब) भागमा ७० मिटर आवास क्षेत्र ।

६. स्वास्थ्य चौकी याकुबाट प्रस्तावित प्रहरी चौकी कार्यालयसम्म बाटोको तल्लो भागमा (पश्चिम) ३० मिटर आवास क्षेत्र ।

७. याकुबाट पञ्चकन्या आधारभूत विद्यालय जाने बाटोमा खोला छेउको बस्ती १०० मिटर वरिपरि आवास क्षेत्र ।

८. बरचौकदेखि आरुखर्कसम्म ८०० मिटर अगाडिसम्म बाटोको ४० मिटर दायाँबायाँ आवास क्षेत्र

९. जिमीगाउँदेखि कार्कीगाउँ जाने बाटो ५२५ मिटर अगाडि बाटोको दायाँबायाँ ३० मिटर आवास क्षेत्र ।

१०. याकुदेखि कट्टी जाने बाटोमा बराहपोखरी क्षेत्रबाट ५०० मिटर दक्षिणसम्म ३० मिटर दाँयावाँया प्रस्ताबित व्यपारिक क्षेत्र।

**वडा नं. ६**

१. अरुण नदि पुलदेखि दक्षिण विश्रान्ति मन्दिरसम्म बाटोको तलपट्टी ९० मिटर व्यापारिक क्षेत्र।

२. अरुण नदि पुलदेखि उत्तर खुर्सानीबगर जाने बटोको ७० मिटर पुर्बतर्फ ९० मिटरसम्म ब्यपारिक क्षेत्र ।

३. जरायोटार चोकदेखि हाइवे प्याउली आउने बाटोतर्फ ५०० मिटरसम्म बाटोको ५० मिटर दायाँबायाँ आवास क्षेत्र ।

४. जरायोटार चोकदेखि सिक्रेटार सडकमा ४०० मिटरसम्म बाटोको ५० मिटर दायाँबायाँ आवास क्षेत्र

५. जरायोटार चोकबाट लेगुवातर्फ १५० मिटर पुर्बतर्फ बाटोको दायाँबायाँ ३० मिटर व्यापारिक क्षेत्र

६. जोगिटारमाथि बस्तीमा ९० मिटर वरिपरि आवास क्षेत्र

७. पाल्पाले स्कुलको वरिपरि ५० मिटर अर्धब्याससम्म ब्यपारिक क्षेत्र

८. पाल्पाले पुर्ब खेल मैदानदेखि दक्षिणतर्फ बाटोबाट पश्चिम ९० मिटर आवस क्षेत्र

९. भण्डारीगाउँ कोशी आधारभूत विद्यालयदेखि दक्षिण २०० मिटर सडकको दायाँबायाँ ३० मिटर आवास क्षेत्र ।

**वडा नं. ७**

१. ढुंगे चोकदेखि उत्तरपट्टी जाने सडकको ५० मिटरसम्म दायाँबायाँ ३० मिटर आवासीय क्षेत्र ।

२. पिपलटार गाउँको बाटोको १५० मिटरसम्म दायाँबायाँ ५० मिटर आवास क्षेत्र ।

३. डाँडाटोल क्षेत्रको २५० मिटर वरिपरी बाटोको दायाँबायाँ ५० मिटर आवास क्षेत्र।

४. लोबरे खेलमैदानको पुर्वतर्फको बाटोको दायाँबायाँ ३० मिटर आवास क्षेत्र ।

५. तल्लो गाउँ अधिकारी मन्दिरदेखि ४०० मिटर दक्षिणतर्फ फोस्रेटारतर्फ ५० मिटर बाटोको दायाँबायाँ आवास क्षेत्र ।

६. सिक्रेटार चोकदेखि गौरीशंकर मन्दिर जाने बाटोतर्फ ७५० मिटरसम्म बाटोको ५० मिटर दायाँबायाँ आवास क्षेत्र ।

७. साकेवा आधारभूत विद्यालय खाल्डेदेखि १३० मिटरसम्म बाटोको पुर्वतर्फ ३० मिटर आवास क्षेत्र ।

८. मैदाने क्षेत्रको बाटोको दायाँबायाँ ३० मिटर आवास क्षेत्र ।

९. जग्रे बाटोको मोडदेखि ८० मिटर दक्षिणसम्म बाटोबाट दक्षिण-पुर्वतर्फ ५० मिटरसम्म आवास क्षेत्र ।

१०. सिक्रेटार सगरमाथा स्कुल वरिपरी २० मिटरसम्म व्यापारिक क्षेत्र ।

११. सिक्रेटार सगरमाथा स्कुलबाट दक्षिणतर्फ स्कुलबाट ५० मिटर पुर्व र ५० मिटर पश्चिमको भागमा बाटोको ८० मिटरको चौडाई हुने गरी आवास क्षेत्र ।

## अनुसूची ३
## परिच्छेद २ (२) सँग सम्बन्धित
## भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरु

क. मध्य पहाडी लोकमार्गको दायाँबायाँको क्षेत्रः

- वडा नं. ६ लेगुवादेखि भर्लाबोटसम्म १०० मिटरसम्म आवासीय क्षेत्र र अन्य कृषि क्षेत्र ।
- वडा नं. ६ भर्लाबोटदेखि वडा नं. ३ को लाखबिरेसम्म ६० मिटरसम्म आवासीय क्षेत्र र अन्य कृषि क्षेत्र।
- वडा नं. ३ को लाखबिरेदेखि वडा नं. ३ को पौवादुङ्माको सिमाना हंग्रायो खोलासम्म १०० मिटरसम्म आवासीय क्षेत्र र अन्य कृषि क्षेत्र ।

ख. वडा नं. ६ बञ्चरेदेखि प्याउली पञ्चेदोबाटो हुँदै षडानन्द नगरपालिका जाने सडकको दायाँबायाँको क्षेत्रः

- वडा नं. ६ को बञ्चरेदेखि वडा नं. ४,वडा नं. ३,वडा नं. २ र वडा नं. १ को याँगुवा खोलासम्म बजार क्षेत्र बाहेक ३० मिटरसम्म आवासीय क्षेत्र र अन्य कृषि क्षेत्र ।

ग. गाउँपालिका केन्द्रबाट वडा केन्द्र जोड्ने सडकको दायाँबायाँ २० मिटरसम्म आवासीय क्षेत्र र अन्य कृषि क्षेत्र ।

घ. हिलेभन्ज्याङ-चम्पे-याङपाङ-कुडुलेघाट सडकको दायाँबायाँ ३० मिटरसम्म आवासीय क्षेत्र र अन्य कृषि क्षेत्र ।

ङ. प्याउली-नौलेटोल-देउराली-बोक्ताम-तीनतले-कटहरे-बेलटर हुँदै बोया जाने सडकको दायाँबायाँ २० मिटरसम्म आवास क्षेत्र र अन्य कृषि क्षेत्र ।

च. प्याउली-याकु-भर्लाबोट सडकको दायाँबायाँ २५ मिटरसम्म आवास क्षेत्र अन्य कृषि क्षेत्र।

छ. अन्य बाँकी रहेका सडकको दायाँबायाँ २० मिटरसम्म आवास क्षेत्र अन्य कृषि क्षेत्र।

ज. सडक नपुगेको स्थानमा एक मात्र घर भएको स्थानको पूर्व पश्चिम उत्तर दक्षिणको २० मिटरसम्म आवासीय क्षेत्र र अन्य कृषि क्षेत्र ।

झ. सडक नपुगेको स्थानमा एकभन्दा बढी घर भएको स्थानको पूर्व पश्चिम उत्तर दक्षिणको २० मिटरसम्म आवासीय क्षेत्र र अन्य कृषि क्षेत्र ।

ञ. गाउँपालिकाको वडा नं. १ अन्तर्गत याङपाङ बजार र देउराली बजार आसपासको पूर्व पश्चिम उत्तर दक्षिणको १०० मिटरसम्म आवासीय क्षेत्र र अन्य कृषि क्षेत्र ।

ट. गाउँपालिकाको वडा नं. २ अन्तर्गत चम्पे बजार र सिस्नेरी घिमिरेटार आसपासको पूर्व पश्चिम उत्तर दक्षिणको १०० मिटरसम्म आवासीय क्षेत्र र अन्य कृषि क्षेत्र ।

ठ. गाउँपालिकाको वडा नं. ३ अन्तर्गत प्याउली बजार आसपासको पूर्व पश्चिम उत्तर दक्षिणको १०० मिटरसम्म आवासीय क्षेत्र र अन्य कृषि क्षेत्र ।

ड. गाउँपालिकाको वडा नं. ४ अन्तर्गत चौथीबजार पिपलडाँडा आसपासको पूर्व पश्चिम उत्तर दक्षिणको १०० मिटरसम्म आवासीय क्षेत्र र अन्य कृषि क्षेत्र ।

ढ. गाउँपालिकाको वडा नं. ५ अन्तर्गत याकु बजार आसपासको पूर्व पश्चिम उत्तर दक्षिणको १०० मिटरसम्म आवासीय क्षेत्र र अन्य कृषि क्षेत्र ।

ण. गाउँपालिकाको वडा नं. ६ अन्तर्गत पाल्पाले बजार आसपासको पूर्व पश्चिम उत्तर दक्षिणको १०० मिटरसम्म आवासीय क्षेत्र र अन्य कृषि क्षेत्र ।

त. गाउँपालिकाको वडा नं. ७ अन्तर्गत सिक्रेटार बजार आसपासको पूर्व पश्चिम उत्तर दक्षिणको १०० मिटरसम्म आवासीय क्षेत्र र अन्य कृषि क्षेत्र ।

थ. माथि उल्लिखित भएको बहेक अन्य क्षेत्रको सम्पूर्ण जग्गा कृषि क्षेत्र ।

**आज्ञाले**
**मणिराम खतिवडा**
**प्रमुख प्रशासकीय अधिकृत**